नेपाल राष्ट्र बैंक
राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौं

# ९ प्रतिशत व्याजदरको नेपाल सरकारको "वैदेशिक रोजगार बचतपत्र, २०७७" (५ वर्षे) बिक्री खुला बारेको सूचना

नेपाल सरकारको तर्फबाट राष्ट्र ऋण व्यवस्थापन विभागद्वारा देहाय बमोजिमका विशेषता एवं व्यवस्था कायम गरी "वैदेशिक रोजगार बचतपत्र, २०७७" (५ वर्षे) निष्कासन गरिने भएकोले मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको ४ (चार) महिना नपुगेका नेपाली नागरिक वा गैर आवासीय नेपालीको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. विशेषताहरु

(क) बचतपत्रको नाम : वैदेशिक रोजगार बचतपत्र, २०७७ (५ वर्षे) ।

(ख) आव्हान रकम : रु. २५ करोड (पच्चीस करोड रुपैयाँ मात्र) ।

(ग) वार्षिक व्याजदर : ९.०० प्रतिशत (व्याजकर लाग्ने) ।

(घ) व्याज भुक्तानी : ६/६ महिनामा हुने ।

(ङ) खरिद गर्न पाउने सीमा : घटीमा रु.५,०००।- र बढीमा कुल आव्हान रकमको सीमामा नबढाई रु.५,०००।- ले भाग गर्दा निःशेष भाग जाने अंकमा ।

(च) लगानीकर्ता : यो बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको ४ (चार) महिना नपुगेका नेपाली नागरिक वा गैर आवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्य (बुवा, आमा, श्रीमान, श्रीमती, छोरा, छोरी मात्र) को नाममा खरिद गर्न सकिने ।

(छ) धितो सम्बन्धी व्यवस्था : यो बचतपत्रको धितोमा यस बैंक बाहेक नेपालस्थित अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन सकिने ।

२. बिक्री खुला, निष्कासन र साँवा भुक्तानी

(क) बिक्री खुला हुने अवधि : २०७२/३/६ देखि २०७२/३/१९ गतेसम्म (ई.सं. २०१५ जुन २१ देखि जुलाई ४ सम्म) ।

(ख) निष्कासन हुने मिति : २०७२/३/२४ गते ।

(ग) बचतपत्र निष्कासन हुने मुद्रा : यो बचतपत्र नेपाली मुद्रामा निष्कासन हुने ।

(घ) साँवा भुक्तानी हुने मिति : २०७७/३/२४ गते ।

३. अन्य व्यवस्था

(क) आवेदन फाराम : आवेदन फाराम तल उल्लेखित बिक्री एजेण्टमार्फत निःशुल्क रुपमा प्राप्त गर्न सकिने वा यस बैंकको वेबसाईट www.nrb.org.np अन्तर्गत Public Debt भित्र Foreign Employment Bond नामक फोल्डरमा राखिएको स्थानबाट डाउनलोड गरी प्रयोग गर्न सकिने ।

(ख) आवेदन पेश गर्नुपर्ने कार्यालय : तल उल्लेखित बिक्री एजेण्टका स्वदेश तथा विदेश स्थित कार्यालय । आवेदनकर्ताहरुले बिक्री एजेण्टहरु समक्ष आवेदन दिंदा कुनै पनि प्रकारको अतिरिक्त शुल्क नलाग्ने ।

(ग) व्याज भुक्तानी : आफूलाई पायक पर्ने नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त "क" "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था एवं बजार निर्माताहरु बाट भुक्तानी लिन सकिने । बजार निर्माताको सूची यस बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध छ ।

(घ) खण्डित अवधिको व्याज : खरिदकर्ताले रकम बुझाएकै मितिदेखि निष्कासन मितिभन्दा अघिल्लो दिनसम्मको माथि उल्लेखित व्याजदरले हुन आउने खण्डित अवधिको व्याज पाउने ।

(ङ) बचतपत्रको किसिम : यो बचतपत्र स्टक वा प्रमिशरी नोटको रुपमा खरिद गर्न सकिने । खरिदकर्ताले आवेदन फाराममा किसिम (स्टक वा प्रमिशरी नोट) नखुलाएको अवस्थामा प्रमिशरी नोट उपलब्ध गराइने । बचतपत्र खरिद गर्ने व्यक्तिले वा बिक्री एजेण्टले निवेदकको तर्फबाट प्राप्त विवरणको आधारमा आवेदन फाराममा बचतपत्रको किसिम, खरिद गर्न चाहेको रकम, पूरा नाम, ठेगाना र अन्य आवश्यक विवरण उल्लेख गर्नु पर्ने । लेखपढ गर्न नजान्ने व्यक्तिलाई स्टक प्रमाणपत्र उपलब्ध गराईने छ । त्यस्ता व्यक्तिको हकमा पासपोर्ट साइजको फोटो फाराममा एक थान र प्रति थान बचतपत्रमा थप एकका दरले आवश्यक पर्ने फोटो अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) आवेदनसाथ पेश गर्नु पर्ने कागजात : राहदानी, कार्यरत मुलुकको भिसा (भारत बाहेक अन्य मुलुकमा कार्यरत कामदारका लागि मात्र), कार्यरत कम्पनीको आधिकारिक परिचयपत्र (म्याद ननाघेको), दुई प्रति पासपोर्ट साईजको फोटोका अलावा विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाणको रुपमा विदेशी मुद्रा सटही/जम्मा रसीद वा नेपालमा विदेशी मुद्रामा खाता रहेको भए सो खातामा विदेशी मुद्रा जम्मा गरेको भौचर वा उक्त खाताबाट विदेशी मुद्रा खर्च भएको बैंक स्टेटमेण्ट पेश गर्नुपर्ने । परिवारका सदस्यको नाममा खरिद गर्ने भए सो सदस्यको नागरिकताको प्रतिलिपी आदि ।

(छ) अस्वीकृत रकम सम्बन्धमा : रितपूर्वक पेश नभई अस्वीकृत भएका आवेदन साथ जम्मा हुन आएको रकम बिक्री एजेण्टहरुबाट सक्कल आवेदन तथा कागजातहरु प्राप्त भएको मितिले ७ दिनभित्र बिना व्याज सम्बन्धित बिक्री एजेण्टमार्फत आवेदकलाई फिर्ता गरिने ।

(ज) बाँडफाँड सम्बन्धी व्यवस्था : खुला बजार संचालन समितिको निर्णय बमोजिम हुने ।

(झ) अन्य व्यवस्था : यो बचतपत्र खरिद/बिक्री सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन, नियम तथा वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि, २०६९ बमोजिम हुने । उक्त कार्यविधि यस बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध छ ।

(ञ) दोस्रो बजार कारोबार : भुक्तानी मिति अगावै रकमको आवश्यकता परेमा यो बचतपत्र बजार निर्माता समक्ष बिक्री गर्न सकिने ।

(ट) बिक्री एजेण्टलाई सूचना : बचतपत्र बिक्री गर्न/गराउन बिक्री एजेण्टका नेपालस्थित कार्यालयहरुलाई पत्र, कार्यविधि तथा मार्गदर्शन पठाइएको छ । उक्त पत्र तथा कार्यविधि प्राप्त नभएको भए यसै सूचनालाई आधार मानि वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि, २०६९ बमोजिम बिक्री वितरण गर्नु गराउनु हुन जानकारी गराइन्छ ।

(ठ) रकम जम्मा गर्ने खाता नं. : यो बचतपत्रको बिक्रीबाट प्राप्त रकम बिक्री एजेण्टले यस बैंकमा रहेको खाता नं.१२०००००/०१५-११६-५२४ मा जम्मा गर्नु पर्ने । यसरी जम्मा हुन आउने रकम यस बैंकको बैंकिङ्ग कार्यालय, बालुवाटार वा उपत्यका बाहिरका यस बैंकका कार्यालयमा सोही खातामा जम्मा गर्न सकिने ।

(ड) थप जानकारी : थप जानकारीको लागि काठमाडौमा यस विभागको फोन नं. ०१-४१०१७३९ का साथै तल उल्लेखित बिक्री एजेण्टहरुसँग तथा यस विभागको इमेल ठेगाना pdm@nrb.org.np मा सम्पर्क गर्नु हुन वा यस बैंकको वेबसाइट www.nrb.org.np अन्तर्गत Public Debt मा हेर्नु हुन ।

## वैदेशिक रोजगार बचतपत्रको बिक्री गर्न यस बैंकबाट ईजाजतपत्र प्राप्त बिक्री एजेण्टको नामावली तथा विवरण

| क्र. सं. | बिक्री एजेण्टहरुको नाम | नेपालको ठेगाना | नेपालको सम्पर्क टेलिफोन नम्बर | बिक्रीका लागि इजाजत प्रदान गरिएका मुलुकहरु |
|---|---|---|---|---|
| १. | श्री ईन्टरनेशनल मनी एक्सप्रेस (आइ.एम.इ) प्रा.लि | पानीपोखरी | ९७७-१-४४३०६०० ९८०२०३२४४५ | मलेसिया, संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया, कतार, संयुक्त राज्य अमेरिका, बेलायत, जापान, बहराईन, रसिया, अष्ट्रेलिया, इजराइल, कुवेत |
| २. | श्री प्रभु मनि ट्रान्सफर प्रा.लि. | लैनचौर, काठमाडौं | ९७७-१-४४४२५६१, ९७७-१-४४३७८५१ | मलेसिया, कतार, बहराइन, साउदी अरेबिया, संयुक्त राज्य अमेरिका |
| ३. | प्रभु बैंक लि. | अनामनगर, काठमाडौं | ९७७-१-४४४२३६४, ९७७-१-४४२९१२४ | संयुक्त राज्य अमेरिका, मलेसिया, कतार |
| ४. | सिटी एक्सप्रेस मनि ट्रान्सफर प्रा.लि. | घण्टाघर, काठमाडौं | ९७७-१-४२३१९०० | जापान, मलेसिया, कतार, संयुक्त राज्य अमेरिका |
| ५. | सेन्चुरी कमर्सियल बैंक लि. | पुतलीसडक, काठमाडौं | ९७७-१-४४१२५७९ ९७७-१-४४२८३९२ ९७७-१-४४२८३१७ | कतार, संयुक्त अरब इमिरेट्स, कुवेत, साउदी अरेबिया, बहराइन, मलेसिया, अष्ट्रेलिया, इजरायल, संयुक्त राज्य अमेरिका, बेलायत |
| ६. | सनराइज बैंक लि. | गैह्रीधारा, काठमाडौं | ९७७-१-४००४५६० | ओमान, कतार, इजरायल, संयक्त अरब इमिरेट्स |
| ७. | सेवा एक्सप्रेस प्रा.लि. | कुलेश्वर, काठमाण्डौं | ९७७-१-४६७२३०९/१० | कतार |